नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७७/०२/३०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको सूचना

नेपाल सरकार, गृह मन्त्रालय(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)को च.नं.४१५२, मिति २०७७।०२।२९ गतेको पत्रानुसार नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ गतेको निर्णय बमोजिम भएको बन्दाबन्दी(Lockdown) कार्यान्वयन सम्बन्धमा देहाय अनुसार कार्यान्वयन गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

**१. तत्काल प्रारम्भ भई २१ दिनसम्म कायम रहने अवस्था निम्नानुसार रहेका छनः-**

(क) शैक्षिक संस्थाहरु(विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र),
(ख) अनुमतिप्राप्त वाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु,
(ग) तोकिए बाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
(घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
(च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना,
(ज) स्पा, सैलुन तथा ब्युटी पार्लर,
(झ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ कल्व,
(ञ) सपिङ मल,
(ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
(ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
(ड) यात्रु वाहक सार्वजनिक सवारी साधन(पर्यटक सवारी साधन समेत),
(ढ) रसुवा जिल्लाको हकमा जिल्लाभर जोर विजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन वाहेक अन्य अन्य निजी सवारी साधन।

**२. दुई मीटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायत जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहाय बमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्नेः-**

(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा(निजी क्लिनिक समेत),
(ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय(उत्पादनदेखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला),
(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,
(घ) सबै प्रकारका ढुवानी,
(ङ) पैदल आवागमन,
(च) साईकल र मोटरसाईकल(चालक मात्र रहने गरी),
(छ) फोहोर मैला व्यवस्थापन,
(ज) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाक सम्बन्धी सेवा,

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७७/०२/३०

(झ) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

(ञ) नर्सरी र वनजन्य उद्यम,

(ट) विकास आयोजना(निजी क्षेत्रबाट प्रवर्द्धित समेत),

(ठ) निर्माण कार्य(निजी समेत),

(ड) नदी तथा खानीजन्य पदार्थ उत्खनन, ढुवानी र बिक्री वितरण,

(ढ) रेष्टुरेन्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

(ण) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,

(त) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने),

(थ) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन(सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाईजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

३. उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयहरुको सम्बन्धमा सम्बन्धित मन्त्रालयले तयार गरेको प्रोटोकोल अनुसार कार्यान्वयन गर्ने।

४. परिस्थितिको समीक्षा एवं संक्रमण जोखिम विश्लेषणका आधारमा आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ।

५. बन्दाबन्दी(Lockdown) कार्यान्वयन सम्बन्धमा माथि उल्लेखित व्यवस्था अनुसार नभएको अवस्थामा संक्रामक रोग ऐन, २०२० अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।

..................................
हरि प्रसाद पन्त
प्रमुख जिल्ला अधिकारी